annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११८ पृष्ठ ८ | काठमाडौं, सोमबार ९ भदौ २०८२ | भाद्र शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४५ | MONDAY, AUGUST 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# सूचकमा सुधार, अर्थतन्त्र लयमा

गत आर्थिक वर्ष ०८१/८२ का आर्थिक सूचकले भन्छन्- मुलुकको अर्थतन्त्र लयमा फर्किंदैछ। अब लगानीका लागि उपयुक्त अवसर छ।' नेपाल राष्ट्र बैंकका अनुसार कोभिडले थलिएको अर्थतन्त्र सुदृढ बन्दै गएको छ। गत वर्ष रेमिटयान्स आयातमा कीर्तिमान कायम भयो। निर्यातमा ऐतिहासिक रेकर्ड बन्यो। विदेशी मुद्राको सञ्चिति पर्याप्त छ। निजी क्षेत्रमा कर्जा लगानी बढ्दै गएको छ। अब मुलुकमा विकास र समृद्धिका लागि लगानीका लागि उपयुक्त अवसर भएको विज्ञहरूको भनाइ छ।










समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

## संविधान घोषणाको दशकलाई विशेष उत्सवका रूपमा मनाइने




**काठमाडौं** (अन्नपूर्ण): संविधान घोषणाको एक दशकलाई सरकारले उत्सवका रूपमा मनाउने जनाएको छ। संविधान जारी भएको १० वर्ष पुगेकाले यस वर्षको दिवसलाई हर्षोल्लास र भव्य बनाउने तयारी सरकारले गरेको छ। त्यसका लागि प्रधानमन्त्री केपी शर्मा ओलीकै अध्यक्षतामा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन भएको छ।

जनताको बलिदानीपूर्ण र लामो संघर्षको उपलब्धि स्वरूप जनताबाट निर्वाचित संविधानसभाबाट ०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थासहितको संविधान जारी भएको थियो। उक्त दिनलाई राष्ट्रिय दिवसका रूपमा मनाउने गरिन्छ। आगामी असोज २, ३ र ४ गते नेपलभित्र र विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरू र जनस्तरमा समेत दीपावलीलगायत विभिन्न कार्यक्रम गरी त्रिदिवसीय रूपमा दिवस मनाउन मूल समारोह समिति गठन गरिएको छ।

» बाँकी पृष्ठ ६

## पौडेलविरुद्ध १६ करोड भ्रष्टाचार मुद्दा, १ लाख धरौटीमा रिहा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेललाई विशेष अदालतले १ लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ। टेलिकमका तत्कालीन प्रबन्ध निर्देशकसमेत रहेका पौडेललाई विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्य मुरारीबाबु श्रेष्ठ, विदुर कोइरालको इजलासले एक लाख रुपैयाँ धरौटीमा छोड्न आदेश दिएको हो। पौडेल थुनामा छन्। तत्कालीन कार्यकारी निर्देशक पौडेलसहित ६ र खरिद कम्पनी वर्ल्ड डिस्ट्रिब्युसन नेपाल कान्तिपथविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८२ असार २७ मा १५ करोड ८८ लाख ५० करोडबराबरको भ्रष्टाचार आरोप लगाउँदै विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

सूचना प्रविधि केन्द्रले आर्थिक वर्ष २०७७/७८ मा गुरुयोजना तयार नगरी मिलेमतोमा उच्च प्रशोधित प्रोसेसर खरिदका लागि स्पेसिफिकेसन तथा भ्याटसिहत ३० करोड ९९ लाख ९९ हजार ९९९ को लागतन अनुमान तयारी गरी बोलपत्र आह्वान गरिएको थियो। जसमा वर्ल्ड डिस्ट्रिब्युसन नेपालको भ्याटसहति ३० करोड ६५ लाख ५५ हजार ७६३ को बोलपत्र स्वीकृत गरिएको थियो। केन्द्र र वर्ल्ड डिस्ट्रिब्युसन नेपालबीच २०७६ माघ १५ मा सम्झौता भएको थियो।

राष्ट्रिय सूचना प्रविधि केन्द्रको सर्भर खरिद, जडानमा भएको अनियमिततामा अख्तियारले गरेको अनुसन्धानअनुसार वर्ल्ड डिस्ट्रिब्युसन नेपाल प्रालि कान्तिपथ र राष्ट्रिय सूचना प्रविधि केन्द्रबीच भएको सम्झौतामा २.४ गिगाहर्ज इन्टेल जीओन प्रोसेसर जडान गर्नुपर्ने थियो। तर, सम्झौताविपरीत २.१ गिगाहर्जको प्रोसेसरहरू जडान गरियो। २.४ गिगाहर्ज प्रोसेसरले २.१ गिगाहर्ज प्रोसेसरको भन्दा प्रतिसेकेन्ड ३ सय मिलियन बढी डाटा प्रोसेस गर्छ।

» बाँकी पृष्ठ ६

## वीरगन्जमा हैजा आउटब्रेक: नियन्त्रण गर्न चुनौती

### ३ जनाको मृत्यु, १२९ जना उपचाररत

**दिनेश गौतम** | *काठमाडौं*

**क्रान्ति साह** | *वीरगन्ज*

दूषित पानी पिएका १ सय २९ भन्दा बढी पर्साबासी अस्पतालको शय्यामा छन्। आइतबार र सोमबार विद्यालय बन्द गरिएको छ। प्रकोपको रूप लिएको झाडापखाला एवं हैजा नियन्त्रणको चुनौती देखिएको छ।

सयौं बिरामी भर्ना भएपछि बल्ल विभिन्न वडाका धाराको पानीको नमुना संकलन गरिएको छ। जनकपुरस्थित प्रादेशिक प्रयोगशालामा कोलिफर्मको परीक्षण हुँदै छ। जनस्वास्थ्यविज्ञहरू हैजाको प्रकोप निम्तिए पछि पानी परीक्षण गर्नुलाई सरकारी अक्षमताको संज्ञा दिन्छन्। 'हैजा संक्रमण फैलिने मुख्य कारण तथा स्रोतको पानीको आपूर्ति नै हो। सरकारले समयमै सजगता नअपनाएकै कारण हैजा महामारी (मेजर आउटब्रेक) देखियो,' इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा. बाबुराम मरासिनी प्रश्न गर्छन्, 'धमिलो पानी थाहा पाउँदा-पाउँदै पिउनु नागरिकको लापरबाही हो। र, क्लोरिन नहालिएको खानेपानी किन सर्वसाधारणको घर–घरका धारामा वितरण गरियो?'



हैजाका जीवाणु संक्रमित खाना र पानीको सेवनले हैजा लाग्छ। सरसफाइको कमी, धमिलो खानेपानी पिउँदा हैजा छिटो फैलने जनस्वास्थ्यविद्हरू बताउँछन्। हैजा अति संक्रामक र शीघ्र फैलिने झाडापखाला हो। संक्रमण भएको १ दिनभन्दा कमदेखि ५ दिन सम्ममा हैजाका लक्षणहरू देखा पर्न सक्छन। सङ्क्रमितमध्ये करिब १ देखि २५ प्रतिशतमा मात्र लक्षण देखा पर्छ।

संक्रमितमध्ये ८० प्रतिशतमा सामान्य खालका लक्षणहरू देखा पर्छन् भने करिब २० प्रतिशतमा कडा खालका लक्षणहरू देखा पर्छन्। डा. मरासिनी भन्छन्, 'समयमै उपचार नभएमा संक्रमितको केही घण्टा मै मृत्युसमेत हुन सक्छ।' हैजासँग मिल्दोजुल्दो लक्षण भएका दुई जनाको ज्यान गएको छ। शुक्रबार वीरगन्जको नारायणी अस्पताल र वीरगन्ज हेल्थ केयर अस्पतालमा वीरगन्जकै ३५ वर्षीय युवक र १९ वर्षीया युवतीको मृत्यु भएको छ।

पछिल्लो १० वर्षमा वीरगन्जमा पहिलो पटक हैजाको प्रकोप देखिएको हो। भिब्रियो कलेरा नामक जीवाणु दूषित खाना वा पानीमार्फत शरीरमा प्रवेश गर्दा हैजा हुने जनस्वास्थ्य विज्ञहरू बताउँछन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी स्थानीय र प्रदेश तहमा नियन्त्रणका लागि समन्वय भइरहेको बताउँछन्। 'भर्चुअल मिटिङ गरेर छलफल र सुझाव दिएका छौं। गाइड गरेका छौं,' डा. बुढाथोकीले भने।

» बाँकी पृष्ठ ६

